# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## लोमन्थाङ गाउँपालिका
## मुस्ताङ

आर्थिक वर्ष २०७९/८०





महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

लोमन्थाङ गाउँपालिका

मुस्ताङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

लोमन्थाङ गाउँपालिका

मुस्ताङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था**

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको आ.व. २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रूपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८१** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)

प.सं. २०८०।८१
च.नं.

मिति: २०८१।२।११

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

लोमन्थाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

मुस्ताङ ।

१. **कैफियत सहितको राय** - हामीले पालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ति र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरेर तयार गरेको छैन।

२.२. लेखापरीक्षणबाट रु. १२ लाख ३९ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. ११ लाख ८३ हजारको प्रतिक्रिया उपर कारबाही भई बाँकी बेरुजु असूल गर्नुपर्ने रु. ५६ हजार समेत गरी यस वर्ष रु. ५६ हजार बेरुजू कायम रहेको छ । पालिकाको गतवर्ष सम्म रु. २७ लाख ११ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.१० लाख ३ हजार रहेको छ । पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने यस पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व सङ्कलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी यस पालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ ।

(जयराम घिमिरे)

**नायब महालेखापरीक्षक**

लोमन्थाङ गाउँपालिका,

मुस्ताङ जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४५ | ८ | १२३९ | ० | ७ | ११८३ | ० | ४५ | १ | ५६ | ५६ | ० | ० | ० | ० | ० | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मुस्ताङ | २७११ | ० | १७६४ | ९४७ | ० | ५६ | १००३ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं. | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| २०७९।८० (चालु वर्षको) | | | | |
| १ | ०७९।८० | ३९.१ | सामाजिक सुरक्षा भत्तामा लगत कट्टा यकिनको प्रमाण | ७२००० |
| २ | ०७९।८० | ४१ | सामाजिक परीक्षण प्रतिवेदन र विद्यालय सुधार योजना पेश हुनुपर्ने | २५००० |
| ३ | ०७९।८० | ४२ | दिव्यदिप मा.वि. तर्फ विविध खर्च पुष्टि हुने प्रमाण | ९८६३८० |
| ४ | ०७९।०८० | ४३.२ | सम्झौता अनुसार कार्यतालिका पेस नभएकोले असुली | १००००० |
| | चालु वर्षको जम्मा | | | ११८३३८० |
| गत विगत वर्षतर्फको | | | | |
| १ | ०७८।७९ | | | ४४६९०९ |
| २ | ०७७।७८ | | | १३१६९२८ |
| | गत विगत वर्ष तर्फको जम्मा | | | १७६३८३७ |
| कुल जम्मा | | | | २९४७२१७ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

## १ परिचय

**(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वडा रहेको छ भने क्षेत्रफल ७२७ वर्ग किलोमिटर तथा जनसंख्या १,४३० रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२० देखि २०८०।५।२२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता,

प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरू सीमाको रूपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको गत वर्षको अ.ल्या. तर्फ रु. ८,७४,३६,२५३.९१, संघीय सरकार अनुदानतर्फ रु.१६,४७,७३,६६६.००, प्रदेश सरकार अनुदानतर्फ रु. १,४०,५३,८७५.००, राजश्व बाडँफाडतर्फ रु. ३,५५,२६,६६९.५, आन्तरिक आयतर्फ रु. २१,१२,२०६.६५ र अन्य आयतर्फ रु. ५,०८,५५,२४१.०६ गरी जम्मा रु. ३५,४७,५७,९१२.१२ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरू -** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरू अनुसूची -२ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली -** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१,३२,२९६.५० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| क्र.सं. | विवरण | रकम(रु.) |
|---|---|---|
| १ | हिमाली आवास | १०००० |
| २ | कृषितर्फ | २६०० |
| ३ | घरभाडा बढी भुक्तानी | ४४८८७.५ |
| ४ | लघुउद्यम कार्यक्रममा बढी भुक्तानी भएको | ६६१० |
| ५ | राजस्व घटी दाखिला | ४९४५० |
| ६ | कर्मचारीलाई बढी भुक्तानी | २६०० |
| जम्मा | | १३२२९६.५० |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरू

२ **ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.नं. ५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३ **ठेक्का व्यवस्था** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रूपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा १.७३ देखि ३०.०७ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो। पालिकाको स्वीकृत नर्म्सका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्बन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भूक्तानी फरफारक भएको हो सो सम्बन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क.सं. | योजनाको विवरण | ठेक्का नं. | बोलपत्र दाता | लागत अनुमान | सम्झौता रकम | घटी प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | वडा नं. १ र २ नदी तटबन्ध | **०१/LRM/W/NCB/२०७९-०८०** | वलेवा भैरव निर्माण सेवा | ११९९९३९९.२ | ८४३४१३१.६ | ३०.०७% |
| २ | माथिल्लो नेचुङ,नामासुङ,फुवा,नाम्ग्याल, किमलिङ,चुङजुङ,न्याम्डो र लुमे धेते खेत तारवार | **०२/LRM/W/NCB/२०७९-०८०** | बानिया निर्माण सेवा | १००९९१५०.७ | ८२८०४०१.७ | १८.१४% |
| ३ | किमलिङ खेल मैदान निर्माण | **०३/LRM/W/NCB/२०७९-०८०** | दामोदर कुण्ड कन्स्ट्रक्सन प्रा.ली | ५८३२८४२.३६ | ५७४१९२७ | १.७३% |
| ४ | ढाकार्तान-नाम्ग्याल-फुवा हुदै किमलिङ जाने बाटो निर्माण | **०४/LRM/W/NCB/२०७९-०८०** | दामोदर कुण्ड कन्स्ट्रक्सन प्रा.ली | ११०२८७६७.८ | १०८२७१२७ | १.८२% |
| ५ | दिव्यदिप मा.वि होस्टल निर्माण पोखरा | **०५/LRM/W/NCB/२०७९-०८०** | गोपिनि गंगा-रामकोट जे.भी | ४९८२२४८९.३ | ४३१७३६५७ | ११.८५% |

४ **आन्तरिक लेखापरीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गराउनु पर्ने र उपदफा (३) मा

आन्तरिक लेखापरीक्षणले औंल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा दफा ३४(२) बमोजिम आन्तरिक लेखा परीक्षणको प्रतिवेदनबाट औंल्याइएको विषयको आधारमा आवश्यक सुधार गर्नु सम्बन्धित स्थानीय तहको कर्तव्य हुने व्यवस्था छ । पालिकाको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक वर्ष समाप्त भए पछि मात्र सम्पन्न भएको छ भने आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका विषयका आधारमा कुनै सुधारको प्रयास भएको देखिएन । आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख संयन्त्रको रूपमा रहेको आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका विषयमा सुधार गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ ।

५ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाइएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन्ः

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली बनाएको पाइएन ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालिन खर्चको संरचना तयार गरेको पाइएन ।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।
- पालिकाले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।
- दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।
- ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण आँशिक रूपमा गरेको पाइयो।
- वातावरणको संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गरेको पाइएन।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ बमोजिम बीस हजार भन्दा बढी मूल्यको खरिद कार्य मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग मात्र खरिद गर्नु पर्नेमा सो गरेको पाइएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

लेखापरीक्षणको क्रममा कार्यालयसँग आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी व्यहोरामा छलफल गर्दा आगामी दिनमा मध्यकालिन तथा दिर्घकालिन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याईने, सार्वजनिक खरिद नियमावली बनाई लागु गरिने, मध्यकालिन खर्च संरचना तयार गरी लागु गरिने , खरिदको गुरुयोजना तयार गरेर मात्र खरिद कार्य गरिने , आयोजनाको प्राथमिकिकरण गरी आयोजना बैङ्क खडा गरिने, दिगो विकास सँग सम्बन्धित कार्यक्रमहरू तर्जुमा भई लागु भएका छन सो कार्यकम तथा योजनालाई मध्यकालिन लक्ष्य तोकी मूल्याङकन गरिने, बिल बिजक तथा भर्पाइहरूमा कार्यालय प्रमुखबाट छाप तथा दस्तखत अंशिक रूपमा गरिएकोले आगामी दिनमा पूर्ण रूपमा सो व्यवस्थाको पालना गरिने, ठेक्का अभिलेख तथा कन्टिन्जेन्सी खाता व्यवस्थित गरिने, ठेक्का मार्फत सम्पन्न भएका योजनाहरूको गुणस्तर परीक्षण भएको छ र उपभोक्ता समितिमार्फत गर्ने कार्यमा समेत आगामी दिनमा गुणस्तर परीक्षण गर्ने व्यवस्था मिलाइने, बजेट विनियोजन गरी वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गर्ने,कोटेशन तथा ठेक्काबाट खरिद भएका ठूला रकममा अनिवार्य रूपमा कर बिजक प्रयोग भएको र आगामी दिनमा सबै कारोवारमा कर बिजक प्रयोग गरिने लगायतका जवाफ प्राप्त भएको छ ।

६ **स्थानीय तथ्याङ्क,अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा स्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

७ **खर्च विश्लेषण** - पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रु.२१,१२,२०६।६५ राजस्व बाँडफाँडबाट रु.३,७६,३८,८७६।१५, अनुदानबाट रु. १७,८८,२७,५४१।०० र अन्य रु. ५,०८,५५,२४१।०६ समेत रु. २६,७३,२१,६५८।२१ आम्दानी भएकोमा चालु तर्फ रु. १३,०८,४३,०३७।३२ र पुँजीगततर्फ रु. १४,९२,०६,९०१।०९ समेत रु. २८,००,४९,९३८।४१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७५ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुविधामा रु.६७,४५,७०१।२३ खर्च भएको छ जुन आन्तरिक आयको ३१९.३७ प्रतिशत रहेको छ । पालिकाले कुल खर्च मध्ये ४६.७२ प्रतिशत चालु र ५३.२८ प्रतिशत पुँजिगत खर्च गरेको छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रूपमा विकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

८ **फरक हिसाब** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) र एकीकृत आर्थिक विवरण तुलना गर्दा देहायअनुसार गत वर्षको जिम्मेवारीमा रु.१,३१,४०४.२५, यस वर्षको प्राप्तिमा रु. ८,६२,५४,७२९.०२

र यस वर्षको भुक्तानीमा रु. ८,६३,९२,७३२.२७ ले फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समावेश गरी आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्नुपर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) | ८७३०४८४९.६६ | १८१०६६९२९.१९ | १९६३०१२२१.४५ | ७२०७०५५७.४ |
| एकीकृत आर्थिक विवरणअनुसार | ८७४३६२५३.९१ | २६७३२१६५८.२१ | २८२६९३९५३.७२ | ७२०७०५५७.४ |
| फरक | १३१४०४.२५ | ८६२५४७२९.०२ | ८६३९२७३२.२७ | ० |

९ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१,३०,१८,५८९।००, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३,२३,४७,०००।००, र अन्य रु.५,००,००० समेत गरी रु.४,५८,६५,५८९।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

१० **आन्तरिक आयमा फरक** - यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) अनुसार रु.१७,६८,८७७।६५ र एकीकृत आर्थिक वित्तीय विवरण अनुसार आन्तरिक आय रु.२१,१२,२०६।६५ रहेकोमा रु.३,४३,३२९।०० ले एकीकृत आर्थिक विवरणमा आन्तरिक आय बढी देखिएको छ।

वित्तीय प्रतिवेदन २७५ मा गैर कर राजस्व अन्तर्गत बेरुजु दाखिला बापतको रु.३,४३,३२९।०० देखिएतापनि म.ले.प.फा.नं.२७२ मा उक्त रकम नदेखिएको हुँदा आन्तरिक आय बढी देखिएको कार्यालयको भनाई रहेको छ।

११ **मौज्दात जिम्मेवारीमा फरक** - पालिकाले आफ्नो गत वर्षको मौज्दात यकिन गरी यस आर्थिक वर्षमा यथार्थ जिम्मेवारी सार्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.८,६९,३६,२५३।९१ मौज्दात रहेकोमा यो वर्ष रु.८,७४,३६,२५३।९१ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ५,००,०००।०० ले बढि जिम्मेवारी सारेको देखिन्छ। बढी जिम्मेवारी सारेको सम्बन्धमा लेखापरीक्षणको क्रममा कार्यालयसँग छलफल हुँदा आर्थिक वर्ष २०७७।७८ मा गण्डकी प्रदेश, सामाजिक विकास मन्त्रालयबाट कोरोना रोकथामबापत रु. ५ लाख को.ले.नि.का. विविध खर्च खातामा निकासा दिएतापनि को.ले.नि.का. ले पालिकाको खातामा निकासा नदिएको हुँदा पालिकाको गत वर्षको मौज्दात रकममा उक्त रकम समावेश नभएकाले यस वर्ष मात्र जिम्मेवारी सार्दा गत आ.व. को मौज्दात बढी देखिएको हो । पालिकाले खर्च नगरी बाँकी रहेको उक्त रकम प्रदेश लेखा नियन्त्रकको कार्यालयमा फिर्ता गर्नुपर्ने भनी पत्राचार भएपश्चात पालिकामा आम्दानी बाँधी रकम फिर्ता गरेको जनाएको छ ।

१२ **अनुदान फिर्ता** - संघीय एवं प्रादेशिक सरकारको कानुन बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण बाहेकको निम्नानुसार अनुदान रकम खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यावस्था रहेको छ । यस गाउँपालिकाले २०८० असार अन्तिममा खर्च नभई बाँकी रहेको देहायानुसारको अनुदान रकम सञ्चित कोषमा दाखिला गरेको छ ।

| अनुदानको किसिम | प्राप्त रकम (रु.) | खर्च रकम (रु.) | सञ्चितकोषमा फिर्ता रकम (रु.) | फिर्ता मिति |
|---|---|---|---|---|
| संघीय सशर्त पुंजीगत | १२३००००० | १३००६६३ | १०९९९३३ | २०८०।०३।२६ |
| संघीय सशर्त चालु | ७२५७९००० | ४३०६४३९० | २९५२१२०८ | २०८०।०३।२४ |

१३ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु.२५ करोड ३५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

१४ **बजेट तथा कार्यक्रम तर्जुमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

१५ **बजेट सीमा निर्धारण समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी

बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१६ **आवधिक योजना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना गर्नुपर्ने व्यवस्था छ । पालिकाले आवधिक योजना तयार गरेतापनि वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालिन विषयलाई भन्दा सालवसाली विषयहरूलाई समावेश गरेको देखिन्छ । आवधिक योजनाका दीर्घकालिन विषयलाई समावेश गरी बजेट तथा कार्यक्रम सन्चालन गर्नुपर्दछ ।

१७ **न्यायिक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो वर्ष २ वटा विवाद दर्ता भएकोमा २ वटै फस्यौंट भई कुनै पनि मुद्दा बाँकी रहेको देखिदैंन ।

१८ **लक्ष्य प्रगति** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची- २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी केन्द्रीय निकाय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ। पालिकाले प्रगति प्रतिवेदन तयार गरेतापनि सम्बन्धित निकायमा पठाएको पाइएन । नियमावलीमा भएको व्यवस्था बमोजिम प्रगति प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्दछ । साथै पालिकाबाट प्राप्त वार्षिक प्रगति प्रतिवेदन देहाय बमोजिम छ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ७९ | ० | १ | ० | ७८ |

उपरोक्त विवरण अनुसार यस आ व मा बजेट विनियोजन भएका ७९ कार्यक्रम मध्ये १ कार्यक्रमको २५ प्रतिशत सम्म मात्र प्रगति भएको र बाँकी ७८ कार्यक्रमको ७५ प्रतिशत भन्दा बढी प्रगति भएको पाइयो । सबै योजनामा शत प्रतिशत प्रगति हुने गरी कार्य गर्नतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

१९ **म्याद ननाघेको पेश्की** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ को उपनियम ५ मा पेश्की फस्यौंटको व्यवस्था छ । पालिकाले देहाय बमोजिम म्याद ननाघेको पेश्कीको लगत उपलब्ध गराएको छ । उक्त पेश्की नियमानुसार फस्यौंट हुनुपर्दछ ।

| भौ.नं.।मिति | पेश्की लिने व्यक्ति वा फर्म | म्याद ननाघेको पेश्की रकम |
|---|---|---|
| ७।२०८०।०३।११ | डाँफे हरि सन्त जे भी | १४५१७८८९ |
| २।२०७९।०४।०१ | वि एन जुम्ली त्रिशक्ति जे भी | २०००००० |

| | | |
|---|---|---|
| २४।२०८०।०३।२२ | गोपिनि गंगा । रामकोट जे भी | ७७२४६७८ |
| जम्मा | | २४२४२५६७ |

२० **सेवा प्रवाहको स्थिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकाले सेवा प्रवाह गर्नुपर्दछ । यस वर्ष पालिकाबाट निम्न बमोजिम सेवा प्रावह भएको विवरण पेश भएको छ । पालिकाले स्थानीय सरकार सञ्चालन ऐन तथा पालिकाबाट निर्मित ऐन, कानुन बमोजिम सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै लैजानु पर्दछ ।

| विवरण | जम्मा |
|---|---|
| नागरिकता सिफारिस | ५३ |
| घरबाटो सिफारिस | ६ |
| नाता प्रमाणित | १२३ |
| जन्म, मृत्यु दर्ता | ४४ |
| अन्य | ३४६ |

२१ **फोहोरमैला व्यवस्थापन** - फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरूले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२२ **आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको (मलेप २७२ अनुसार) स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च (रु.) | आन्तरिक आय(रु.) | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७,०९,४८,५४१ | २१,१२,२०६.६५ | २.९७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.९७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२३ **प्रशासनिक संगठन तथा जनशक्ति व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २४

दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शिक्षा अधिकृत १, लेखा अधिकृत १, प्रशासकिय अधिकृत १,प्रशासन सहायक ४, कम्प्युटर अपरेटर १, सहायक महिला विकास निरीक्षक १, खा.पा.स.टे १ सहितका १० पदहरू रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरू समयमा पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

२४ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रूपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार भएको छ । यस कार्यक्रम अन्तर्गत पालिकाका ३ वडामा ३ योजना सञ्चालन भई यस वर्ष ५० जनालाई औसत ८२ दिन रोजगारी उपलव्ध गराई रु.३०,९१,२८४।०० श्रमिक ज्याला खर्च गरेको छ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालिन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

२५ **वडा सचिवको पदपूर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । दरबन्दी अनुसारको पदहरू रिक्त हुँदा प्राविधिक तथा अन्य विषयगत जनशक्तिद्धारा वडा सचिव र प्राविधिक तथा विषयगत शाखाको दोहोरो जिम्मेवारी निर्वाह गरी सेवा प्रवाह गरेको विद्यमान अवस्था देखिन्छ। रिक्त पदहरूको समयमा पदपूर्ति गर्नु पर्दछ ।

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ५ | ५ | ० | ५ |

२६ **जिन्सी व्यवस्थापन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरूलाई २०७६।७७ सम्मको मौज्दात प्रविष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रूपमा (PAMS)मा प्रविष्टि गर्ने र अनिवार्य रूपमा (PAMS) मा सरकारी सम्पत्तिको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- यस पालिका अन्तर्गतका साबिक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरूको मर्मत तथा लिलाम गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ ।

२७ **अनुमान भन्दा घटी आन्तरिक आय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२१,६८,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. १७,४४,८७७.६५ अर्थात अनुमान भन्दा १९.५२ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२८ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति मलेप फारम २७२ अनुसार निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान (रु.) | असुली (रु.) | असुली प्रतिशत |
|---|---|---|---|
| भूमिकर।मालपोत कर | ७५०००० | ५००७३६ | ६६.७६ |
| घरजग्गा वहाल कर | १००००० | १८५२२९.४३ | १८५.२३ |
| व्यवसाय कर | ५००००० | ३१००० | ६.२ |
| व्यवसाय रजिष्ट्रेसन दस्तुर | ३००००० | २२४००० | ७४.६६ |
| नाता प्रमाणित | ५००० | ४५५०० | ९१० |
| व्यक्तिगत घटनादर्ता | ६००० | २८८५० | ४८०.८३ |
| सिफारिस दस्तुर | १००००० | २२९४७५ | २२९.४७५ |
| परीक्षा शुल्क | २००० | १५५०० | ७७५ |
| पार्किङ शुल्क | २००००० | ० | ० |
| अन्य राजश्व | ५००० | २८९५०७.२२ | ५७९० |
| अन्य कर | २००००० | १९५०८० | ९७.५४ |
| जम्मा | २१६८००० | १७४४८७७.६५ | ८०.४८ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

२९ **राजश्व अभिलेख** - राजस्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलीहरू छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । यस आ.व. मा कति रसिद छपाइ गरिएको

हो र अघिल्लो आ.व. को बाँकी के कति छन्, एकिन गर्न सकिएन । यसले गर्दा व्यक्तिहरूले छुट्टै रसिद छपाई प्रयोग गर्ने जोखिम विद्यमान रहने हुँदा यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानबिन गर्नुपर्दछ । अतः कार्यालयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।

३० **व्यवसाय कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत रु.३१,००० कर सङ्कलन गरे तापनि पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अद्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था रहेन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

३१ **योजना प्राथमिकीकरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागु गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास जस्ता आयोजना प्राथमिकीकरणका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नानुसारका ५ वडाको लागि वडागत र पालिकास्तरका कुल ७९ योजनामा बजेट विनियोजन गरेको छ।

| क्र.सं. | कार्यक्रम | योजना सङ्ख्या | रु २० लाख माथिका योजना सङ्ख्या | रु ५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु ५ लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ३८ | ५ | २९ | ४ |
| २ | वडास्तरीय | ४१ | | ४१ | |

उपर्युक्त विवरण अनुसार कुल ७९ योजनाहरूमध्ये रु. २० लाखभन्दा कमका योजना संख्या ७४ वटा (कुल योजनाको ९३.६७%) रहेको देखिन्छ । उक्त योजनामध्ये अधिकांश योजनाहरू समाजघर निर्माण, समाजघरमा फर्निचर, पर्दा कार्पेट तथा भाडाकुँडा खरिद लगायतका साना, टुक्रे तथा वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनाबाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागतप्रभावी नहुने देखिन्छ । तसर्थ पालिकाले वस्तुनिष्ठ तवरले योजना प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

३२ **प्राविधिक बिल र कार्यसम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरूबाट सञ्चालित योजनाको ठेक्का बिलहरूमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख

गरेको पाइएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

३३ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

(रकम रु. हजारमा)

| मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च रकम | कुल बजेटमा खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ५,८२,४८ | ४,१७,१८ | १३.३८ |
| सामाजिक विकास | ८,४६,९५ | ५,८५,२७ | १८.७७ |
| पूर्वाधार विकास | १०,५९,५० | ५,५६,३४ | १७.८४ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,५३,२६ | ५१,४८ | १.६५ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ४,७५,५९ | ३,१५,५७ | १०.१२ |
| जम्मा | ३१,१७,७८ | १९,२५,८४ | ६१.७६ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमामा सबैभन्दा बढी १८.७७ प्रतिशत र सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्रमा सबै भन्दा घटी १.६५ प्रतिशत खर्च रहेको छ।

३४ **त्रैमासिक पुँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

(रकम रु. हजारमा)

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १०५८६० | १२०७१ | ७८७६ | ६५८ | ८५२५४ | ७५१६६ |
| प्रतिशत | | ११.४०% | ७.४४% | ०.६२% | ८०.५४% | ७१.०१% |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१०,५८,६०,०००।०० खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.१,२०,७१,०००।०० (११.४० प्रतिशत), दोस्रो त्रैमासिकमा रु.७८,७६,०००।०० (७.४४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.६,५८,०००।०० (०.६२ प्रतिशत) र चौंथो त्रैमासिकमा रु.८,५२,५४,०००।०० (८०.५४ प्रतिशत) खर्च गरेको देखिएको छ । आषाढ महिनामा मात्र रु.७,५१,६६,०००।०० (७१.०१ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्च बढी भएको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

३५ **कानुन निर्माण तथा राजपत्रमा प्रकाशन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० वटा नमूना कानुनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १ वटा ऐन, २ वटा नियमावली, २७ कार्यविधि लगायत ३० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ३० वटा कानुनहरू निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि सो मध्ये १४ वटा कानुनहरू राजपत्रमा प्रकाशन गरेको देखिएन । पालिकाले निर्माण गरेका सबै कानुनहरू राजपत्रमा प्रकाशन गरेर मात्र कार्यान्वयनमा ल्याउनु पर्दछ ।

३६ **वार्षिक खरिद गुरुयोजना** - सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१०,५८,६०,०००।०० पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । पालिकाले वार्षिक खरिद योजना तयार गरे तापनि खरिद गुरुयोजना तयार गरेको छैन । खरिद ऐन तथा नियमावलीको व्यवस्था बमोजिम पालिकाले खरिद गुरुयोजना बनाई खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

३७ **कर्मचारी प्रोत्साहन तथा फिल्ड भत्ता** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । यस स्थानीय तहले कार्यविधि बनाई रु.१९,०६,०३०।५० प्रोत्साहन भत्ता र कार्यपालिकाको निर्णयबाट प्राविधिक कर्मचारीलाई रु. ४,०८,०००।०० फिल्ड भत्ता शीर्षकमा खर्च गरेको पाईयो। आन्तरिक आय समेतलाई ध्यानमा राखी यस्तो खर्च लेख्नुपर्दछ ।

३८ **वित्तीय प्रतिवेदन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान

(NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसूचीमा संलग्न छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३८ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३९ **सामाजिक सुरक्षातर्फ** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले निम्नानुसार १ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ । सामाजिक सुरक्षा भत्ता वितरणको लागि बैङ्कमा निकासा गरेको रकम विभिन्न कारणले निष्कृय रहेको मौज्दात रकम समयमा फिर्ता लिन पालिकाले त्रैमासिक निकासा समाप्त भई अर्को त्रैमासिक निकासा दिनु अगावै बाँकी रहेको रकम फिर्ता लिई हिसाब मिलान गरेको विवरण लिनु पर्दछ । आर्थिक वर्षको अन्त्यमा बैंकमा रहेको रकम फिर्ताका लागि बैंकलाई पत्राचार गरी बाँकी रकम फिर्ता लिई समयमै संघीय संचित कोषमा दाखिला गर्नुपर्दछ । यस वर्ष पालिकाले सामाजिक सुरक्षातर्फ रु.१,३०,१८,५८९।०० खर्च लेखेकोमा यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छन्ः

३९.१ **लगत कट्टा -**

✂ .......... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-९-1 को निर्णयानुसार रु. ७२,००० को सम्परीक्षण गरिएको ।)*

३९.२ **पारदर्शिता -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(१) बमोजिम स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धी जानकारी स्थानीय सामाजिक संघ संस्था , गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रूपमा प्रचार प्रसार गर्नुपर्नेछ र त्यस्ता विषय सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतको सञ्चार माध्यमहरूबाट प्रचारप्रसार गर्ने व्यवस्था मिलाउनुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको कार्य गरेको पाइएन । कार्यालयले कार्यविधिको पूर्ण पालना गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३९.३ **सार्वजनिक सुनुवाई -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम कार्यविधि, २०७७ को दफा ३४ बमोजिम स्थानीय तह तथा वडा समितिले प्रचलित कानुन बमोजिम सामाजिक सुरक्षा भत्ता सम्बन्धी विषयको सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यविधि अनुसार सार्वजनिक सुनुवाई गरेको पाइएन । कार्यविधिको व्यवस्था पालना गरी सामाजिक सुरक्षा सम्बन्धी विषयको सार्वजनिक सुनुवाई गर्नुपर्दछ ।

४० **शिक्षक दरबन्दी र पदपुर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ३ सामुदायिक विद्यालयहरूको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

| क्र.सं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्ति मध्य करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री राष्ट्रिय आ.वि. | ९ | ५ | २ | ५४ |
| २ | श्री दिव्यदिप मा.वि. | १५ | १५ | ११ | १०२ |
| ३ | श्री जिन्जु आ.वि. | ५ | ५ | ३ | ४९ |

उपरोक्त विवरण अनुसार राष्ट्रिय आ.वि. मा शिक्षक दरबन्दी ९ मध्ये ५ पदपूर्ति भएको देखिन्छ । समयमा दरबन्दी बमोजिम शिक्षक पदपूर्ति नहुँदा शिक्षण सिकाइ प्रभावकारी नहुने भएकोले दरबन्दी बमोजिम पदपूर्ति गरी शिक्षण सिकाई प्रभावकारी बनाउनु पर्दछ ।

४१ **प्रमाण पेश गर्नुपर्ने -**

*✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-९-१ मा रु. २५,००० सम्परीक्षण मनासिब गरिएको ।)*

४२ **दिव्यदिप मा.वि तर्फ -**

*✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-९-१ मा रु. ९८६,३८० सम्परीक्षण गरिएको ।)*

४३ **५ शय्याको आधारभूत अस्पताल निर्माण** - एकीकृत स्वास्थ्य कार्यक्रम अन्तर्गत ५ सैय्याको आधारभूत अस्पताल निर्माण कार्य (ठेक्का न.१/LRM/W/NCB/२०७७/-७८) को लागि लोमान्थाङ्ग गाँउपालिका र निर्माण व्यवसायी बीच मिति २०७८।०२।२४ मा मु. अ. कर तथा पि एस सहित रु.१०,१०,२०,०५५।९४ को ठेक्का सम्झौता भएको छ । उक्त सम्झौताअनुसार सुरु कार्यसम्पन्न गर्नुपर्ने अवधि २४ महिना रहेकोमा पहिलो पटकको म्याद थप पश्चात कार्यसम्पन्न गर्नुपर्ने मिति २०८१।२।२४ कायम भएको देखिन्छ। यस ठेक्काको आ.व. २०७९/८० सम्ममा रु. ३,५८,२९,१११।८२ भुक्तानी भई ३५.४६% वित्तीय प्रगति भएकोमा देखिएका व्यहोराहरू निम्नअनुसार छन्।

४३.१ **घटी प्रगति** : उक्त निर्माण कार्यको प्रथम म्याद थप पश्चात कार्यसम्पन्न गर्नुपर्ने मिति २०८१।२।३० कायम भएतापनि लेखापरीक्षण अवधि (२०८०।५।२०) सम्म तेश्रो रनिङ्ग बिल सम्मको रु ३५८२९१११।८२ भुक्तानी भई ३५.४६ प्रतिशत वित्तीय प्रगति मात्र हासिल भएको देखिन्छ । साथै म्याद थप भएको समयावधिमा बाँकी ६४.५४ प्रतिशत कार्य गर्न सम्भव नदेखिएको हुँदा कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायिलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

४३.२ *✂ ........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८०-१२-६ को निर्णयानुसार रु.१००,००० को सम्परीक्षण गरिएको ।)*

४३.३ **गुणस्तर व्यवस्थापन -** ठेक्का सम्झौता र सार्वजनिक खरिद नियमावलीको नियम १११ अनुसार गुणस्तर परीक्षण तथा नियन्त्रण गर्नुपर्ने व्यवस्था छ । सो व्यवस्था अनुसार निर्माण व्यवसायीले गुणस्तर आश्वतता योजना पेश गरेको छैन । सिलवन्दी नमुनाको आधारमा गुणस्तर परीक्षण गर्नुपर्नेमा खुल्ला नमुनाको आधारमा परीक्षण गर्दा सम्वन्धित ठेक्कामा प्रयोग हुने सामानको नमुना हो होइन एकिन गर्न सक्ने अवस्था छैन । निर्माण सामाग्री उत्खनन गर्ने स्थल स्वीकृत गरी गुणस्तर परीक्षण गरिएका सामग्रीमात्र प्रयोग गर्नुपर्नेमा त्यस प्रकारको स्वीकृती दिएको देखिएन । गुणस्तर व्यवस्थापनमा गाँउपालिकाको कमजोर प्राथमिकताका कारण निर्मित संरचनाहरूको गुणस्तरीयतामा विश्वस्त हुने आधार छैन ।

४४ **निजी प्रकृतिका तथा अन्य क्षेत्रमा अनुत्पादक लगानी -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ को उपदफा (३) मा गाउँपालिका तथा नगरपालिकाले विकास योजना छनौट गर्दा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने किसिमका योजनाहरूलाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । यस गाँउपालिकाले निजी प्रकृतिका नाफामूलक तथा अन्य संस्था, गुम्बा निर्माण, सामुदायिक भवन, क्लब भवन, आमा समूह भवन निर्माण तथा मर्मत र उक्त भवनमा फर्निचर, पर्दा कार्पेट खरिद जस्ता योजनाहरू अधिक संख्यामा समेत छनौट गरी खर्च गरेको पाइयो । कार्यालयले यस वर्ष विभिन्न ७९ पूर्वाधार योजनामध्ये निम्नलिखत १६ वटा त्यस्ता अनुत्पादक क्षेत्रका योजनामा देहाय अनुसार रु. १ करोड ७७ लाख ४३ हजार खर्च भएको छः

अतः यस्ता अनुत्पादक क्षेत्रमा लगानी निरुत्साहित गरी स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था गरे अनुसार उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने योजनाहरू छनौट गरी कार्यान्वयन गर्नुपर्दछ।

| क्र.सं. | योजनाको नाम | रकम रु. |
|---|---|---|
| १ | नाम्ग्याल गुम्बा फर्निचर | १४,४०,००० |
| २ | निम्फु गुम्बा निर्माण | २४,४८,७७४ |
| ३ | गोठ निर्माण वडा नं २ | ९,७४,५८० |
| ४ | नाम्ग्याल आमा समुह भवन निर्माण | २०,५०,२१७ |
| ५ | थुक्चेन गुम्बा मर्मत | १९,२०,००० |
| ६ | गर्फु गुम्बा संरक्षण | १५,५२,००० |
| ७ | ठिंगुर सामुदायिक भवनमा पेन्टिङ्ग | ५,९६,००० |
| ८ | आर्का समाजघर, किचेन स्टोर तथा पुजा कोठा, फर्निचर | ११,५२,००० |
| ९ | ढुक समाजघर मर्मत | ९,६०,००० |
| १० | न्यानोल समाजघर फर्निचर रङ्गरोगन तथा समाग्री खरिद | २,८७,८५६ |
| ११ | फुवा मेङखोङ पुजा कोठा फर्निचर | ४,३२,००० |
| १२ | किम्लिङ महिला समुह भवन फर्निचर तथा अन्य | १३,८९,००० |

| | | |
|---|---|---|
| १३ | आमा समुह भवन काठ विछ्याउने | ७,६८,००० |
| १४ | छुखोर सिसो सामुदायिक भवन | ८,४०,९६० |
| १५ | लोमान्थाङ युवा क्लब भवन | ४,३२,००० |
| १६ | डाक्पा गुम्बा मर्मत | ५,००,००० |
| जम्मा रु. | | १,७७,४३,२९७ |

४५ **बढी भुक्तानी** - पालिकाले आर्थिक वर्ष २०७९।८० को निर्माण तथा अन्य कार्यका लागि आफ्नो छुट्टै दररेट कायम गरेको छ । मूल्य अभिवृद्धि कर र ढुवानी बाहेकको ४० एम एम ६ के जी एचडिपिई पाइपको प्रति मिटर दर ११८ कायम भएकोमा किमलिङ खानेपानी मर्मत उपभोक्ता समितिलाई प्रति मिटर दर १७४ को दरले भुक्तानी दिएको पाइयो । ९९५ मिटर पाइप भुक्तानीमा प्रतिमिटर दर रु.५६ का दरले रु. ५५,७२०।०० बढी भुक्तानी दिएको असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५५,७२० |

४६ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यतया डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरू देहाय बमोजिम रहेका छन् :

| भौ नं. | उपभोक्ता समितिको नाम | कामको विवरण | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|
| १२७ | गोठ जाने मोटरबाटो निर्माण उ स | माटो खन्ने | एक्जाभेटर | ११२६९९९ |

४७ **जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी

निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन् :

| गो.भौ.नं. | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम (रु.) |
|---|---|---|---|
| ६५ | न्याम्दो लाकाङ भवन निर्माण | भवन निर्माण | ११०३५२८ |
| ६९ | निफु गुम्बा संरक्षण | भवन निर्माण | २७०४२२७ |
| १०७ | न्यानोल समाज घरनिर्माण उ.स. | भवन निर्माण | १६९९२४४ |

नियमावलीको व्यवस्था अनुरूप कार्य गराउनुपर्दछ ।

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

**आर्थिक बर्षः** २०७९/८०

**कार्यालय र स्थान** ः लोमन्थाङ गाउँपालिका, मुस्ताङ ।

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | जिवन पौडेल | २०८०-११-३ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | उज्वल चपाई | २०७६-८-२७ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १५५,७२० | ० | १,०८३,३८० | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १,२३९,१०० |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १,१८३,३८० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ५५,७२० |

आर्थिक कारोबारको स्थिति :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | | ८७४३६२५३.९१ |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | १६४७७३६६६ | चालु खर्च | १३०८४३०३७.३२ |
| प्रदेश सरकारबाट अनुदान | १४०५३८७५ | पुँजीगत खर्च | १४९२०६९०१.०९ |
| राजश्व बाँडफाँट | ३५५२६६६९.५ | वित्तीय/अन्य व्यवस्था | २६३७४१६.३१ |
| आन्तरिक आय | २११२२०६.६५ | | |
| अन्य आय | ५०८५५२४१.०६ | | |
| कुल आय | २६७३२१६५८.२१ | कुल खर्च | २८२६८७३५४.७२ |
| बाँकी मौज्दात | | | ७२०७०५५७.४ |

**बेरूजु दफा ३८ सँग सम्बन्धित विवरण - अनुसूची -२**

| क्र.सं. | आयतर्फ | रकम | क्र.सं. | व्ययतर्फ | रकम |
|---|---|---|---|---|---|
| १ | **गत वर्षको जिम्मेवारी** | **८७४३६२५३.९१** | १ | **संघीय वित्तीय समानिकरण पुँजिगत** | ४२६२७८०७.३९ |
| | क)कार्यालयको मौज्दात | ७७२८८३७१.५४ | | | |
| | ख) धरौटी | ४८४२६६६.७९ | | | |
| | ग) प्रकोप व्यवस्थापन कोष | ४७०५२१५.५८ | २ | **संघीय सशर्त अनुदान** | **४४३६५०५४.७३** |
| | घ) विविध खर्चकोष खाता | १००००० | | क) चालु | ४३०६४३९०.७४ |
| | ङ)कोलेनिका विविध खाता | ५००००० | | ख) पुँजिगत | १३००६६३.९९ |
| २ | **संघिय सरकारवाट प्राप्त अनुदान** | **१६४७७३६६६** | ३ | **संघीय समपुरक** | ५०००००० |
| | क) वित्तीय समानिकरण अनुदान | ६६८९४६६६ | ४ | **संघीय विशेष अनुदान** | **८०००००००** |
| | ख) सशर्त अनुदान | ८४८७९००० | ४ | **आन्तरिक स्रोत** | **५२१४३१२४.६४** |
| | ग) समपुरकअनुदान | ५०००००० | | क) चालु | १५७२८०३४.९६ |
| | घ)विशेष अनुदान | ८०००००० | | ख) पुँजिगत | ३६४१५०८९.६८ |
| ३ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | **१४०५३८७५** | | | |
| | क) वित्तीय समानिकरण अनुदान | ४०५३८७५ | ५ | **राजश्व वाडँफाडँ संघ** | **२७२६०८५९.४९** |
| | ख) सशर्त अनुदान | ५०००००० | | क) चालु | २५९६३५४०.४७ |
| | ग) समपुरक अनुदान | ५०००००० | | ख) पुँजिगत | १२९७३१९.०२ |
| ४ | **राजश्व बाडँफाडँबाट प्राप्त** | **३७६३८८७६.१५** | ६ | **राजश्व वाडँफाडँ प्रदेश** | **१४५४४१७.६०** |
| | क) संघियसरकारवाट प्राप्त | ३५२९८८८०.१५ | | क) चालु | १३६७४१७.६ |
| | ख) प्रदेश सरकारबाट प्राप्त | २३३९९९६ | | ख) पुँजिगत | ८७००० |
| | ग) आन्तरिक राजश्व | २११२२०६.६५ | ७ | **प्रदेश समानिकरण चालु** | १७३४५९८.७० |
| | | | | **क)चालु** | ६०१९१३.७० |
| | | | | **ख)पुँजिगत** | ११३२६८५.०० |
| ५ | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | **४५३६५५८९** | ८ | **प्रदेशशसर्त अनुदान** | ५०००००० |
| | क) सामाजिक सूरक्षा | १३०१८५८९ | ९ | **प्रदेशसमपुरक अनुदान** | ५०००००० |
| | ख) एकीकृत स्वास्थ्य पूर्वाधार विकास | ३२३४७००० | १० | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | **४५३६५५८९** |
| ६ | **कार्यसञ्चालनकोष** | | | क) सामाजिक सुरक्षा | १३०१८५८९ |
| | क) विविध खर्च खाता | ३६८५९५.७५ | | ख) एकीकृत स्वास्थ्य पुर्बाधार | ३२३४७००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | **धरौटी प्राप्ती** | ३००८४९.६६ | **११** | **धरौटी फिर्ता** | २१४४०१५.३१ |
| | | | **१२** | **कार्य सञ्चालन कोष** | |
| | | | | क) प्रकोप व्यवस्थापन कोष | १३०३४६३.८४ |
| | | | | ख) विविध खर्च खाता | २७४४७८.७५ |
| | | | | ग) कोलेनिका विविध खाता | ५००००० |
| | | | **१३** | **फिर्ता (संघ तर्फ)** | २८२६९३९५३.७२ |
| | | | | **क)सशर्त अनुदान चालु** | २९५२१२०८.२६ |
| | | | | **ख) सशर्त अनुदान पुँजिगत** | १०९९९३३६.०१ |
| | | | **१४** | **मौज्दात रकम (स्रेस्ता अनुसार)** | ७२०७०५५७.४० |
| | | | | क) ग. २.७बिबिध खर्च खाता | १९४११७ |
| | | | | ख) ग. ३ धरौटी खाता | ५७०७५०१.१४ |
| | | | | ग) ग. ४.१सञ्चित कोष खाता | ६२७६७१८७.५२ |
| | | | | घ) ग. ७.२प्रकोप व्यवस्थापन कोष | ३४०१७५१.७४ |
| | | | | ङ) कट्टी भौचर उठाउन बाँकी | ६५९९ |
| कुल जम्मा | | ३५४७५७९१२.१२ | | कुल जम्मा | ३५४७५७९१२.१२ |